नेपाल सरकार

# अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति

गुह्येश्वरी, काठमाण्डौको

## सूचना ! सूचना !! सूचना !!!

काठमाण्डौ उपत्यका नगर विकास समितिले निर्धारण गरेको "काठमाण्डौ उपत्यका भित्रका नगरपालिका र नगरोन्मूख गा.वि.स. हरुमा गरिने निर्माण सम्वन्धी मापदण्ड "२०६४" को परिच्छेद २ को प्रकरण नं. ११ र सोही परिच्छेदको प्रकरण ६.२ को देहाय १ र २ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६५/०८/०१ मा भएको संशोधित निर्णय अनुसार खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायको खोलाको नापीको नक्साबाट कायम रहेको छेउवाट दायाँ वायाँ देहायका दूरी छोडी मात्र निर्माण गर्न पाइने कानूनी प्रावधान रहेको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

देहाय:

१. वाग्मती, विष्णुमती र मनोहरा खोलामा - २०/२० मीटर
२. धोविखोलाको हकमा धाविखोला आयोजना भएको स्थानमा प्रोजेक्टको प्लानिङ्ग अनुसारको दूरी र प्लानिङ्ग वाहेकका स्थानमा - ९/९ मीटर
३. नख्खु खोलामा - १२/१२ मीटर
४. वल्खु, कर्मनासा, कोड्कु, साङ्ले र महादेव खोलामा- १०/१० मीटर
५. करखुसी खोलामा - ६/६ मीटर
६. टुकुचा, सामाखुसी, र उपत्यकामा वग्ने अन्य खोलामा ४/४ मीटर र कुनैपनि खोला खोल्सी र राजकूलो छोप्न पाईने छैन ।
७. हनुमन्ते खोला वग्ने नगरोन्मूख गा.वि.स. हरुमा समेत खोलाको किनारबाट २० मीटर छाडी निर्माण गर्न पाइने साथै मापदण्डको परिच्छेद २ को प्रकरण नं.६.२ को देहाय १ र २ मा रहेको FAR १.२५ को सट्टा १.५ कायम गर्ने ।

उपरोक्त मापदण्ड कायम राखी यस समितिको मिति २०६९/०२/२५ को १७३औं वोर्ड वैठकको निर्णयबाट वाग्मती नदीको विभिन्न स्थानमा देहाय बमोजिम वहाव क्षेत्र (नदीको भित्री भाग) निर्धारण भएको छ । साथै काठमाण्डौ उपत्यकाका अन्य नदीहरु विष्णुमती, मनोहरा, धोवीखोला, नख्खुखोला, बल्खु, कर्मनासा कोड्कु, साङ्ले, महादेवखोला, करखुसी खोला, टुकुचा, सामाखुसी, हनुमन्ते लगायत अन्य खोलासमेतको वहाव क्षेत्र निर्धारण हुने क्रम जारी रहेकोले नदीहरुको वहावक्षेत्रमा प्रतिकुल असर पर्ने कार्य नगर्नु नगराउनु हुन समेत सम्वन्धित सरोकारवाला निकाय, व्यक्ति, संघ/संस्थालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**वाग्मती नदीको देहायको स्थानमा देहाय बमोजिम वहावक्षेत्र (नदीको भित्री भाग) निर्धारण गरिएको छ ।**

(क) सुन्दरीजल-गोकर्ण व्यारेजसम्म २० मीटर,
(ख) गोकर्ण ब्यारेज-जोरपाटी पुलसम्म ३५ मीटर एवं जोरपाटी पुल-गुह्येश्वरी खण्डमा ४० मीटर,
(ग) हालको वाग्मतीनदीको वहावलाई नै आधार मानी तीलगंगा-शंखमूलखण्डमा न्यूनतम ३० मीटर,
(घ) शंखमूलदेखि विष्णुमती नदीको संगमसम्म न्यूनतम ६० मीटर र
(ङ) विष्णुमती दोभान तथा सोभन्दा तल्लो तटीय क्षेत्रमा न्यूनतम ८० मीटर

यो सूचनालाई बेवास्ता गरी उक्त वहाव क्षेत्र एवं मापदण्ड विपरित कुनै प्रकारको कार्य गरे गराईएको पाइएमा कानून बमोजिम कार्वाही भैजाने व्यहोरा समेत अवगत गराईन्छ ।